**मध्यपश्चिम विश्वविद्यालय**

# परीक्षा व्यवस्थापन कार्यालय

**सुर्खेत, नेपाल**

**मौका परीक्षा - २०८२**

**एम.एड./तेस्रो सेमेस्टर**

विषयः **पाश्चात्य साहित्य सिद्धान्त** (नेपा.शि.५३४)

---

सिम्बोल नं. ..........................

**समूह 'क'** **१०x१= १०**

**सर्वोत्कृष्ट उत्तरमा रेजा (✓) चिन्ह लगाउनुहोस् ।**

१. पाश्चात्य साहित्य समालोचना तथा सिद्धान्त परम्पराका सर्वश्रेष्ठ आदिआर्चाय को हुन् ?
(क) प्लेटो (ख) एरिस्टोटल
(ग) क्रोचे (घ) विधि

२. अरिस्टोटलले वस्तुको कुन रुपलाई कलाका माध्यमले पुनर्सिजन गरी अनुकरण गर्न सकिन्छ भनेका छन् ?
(क) वस्तुको यथार्थ रूप (ख) वस्तुको प्रतीयमान रूप
(ग) वस्तुको सम्भाव्य रूप (घ) वस्तुको आदर्श रूप

३. पूर्वीय तथा पाश्चात्य परम्परागत मान्यतालाई अस्वीकार गर्दै कला सम्बन्धी नवीन मान्यता अगाडि सार्ने दार्शनिक को हुन् ?
(क) सुकरात (ख) प्लेटो
(ग) क्रोचे (घ) अरिस्टोटल

४. 'भङ्ग रेखाभन्दा सोझो र सरल रेखा बढी बलियो हुन्छ' भन्ने मान्यता राख्ने मान्यता कुन हो ?
(क) विम्ववाद (ख) घनत्ववाद
(ग) विनिर्माणवाद (घ) यथार्थवाद

५. कुनै पाठक वा समालोचकलाई कृति विशेषले पार्ने वैयक्तिक प्रभावलाई जोड दिने वाद कुन हो ?
(क) प्रभाववाद (ख) धनत्ववाद
(ग) यथार्थवाद (घ) घनत्ववाद

६. नीतिपरक समालोचना कसको समयमा कमजोर भएको थियो ?
(क) प्युरिटनवादी (ख) नवप्लेटोवाद
(ग) पुनर्जागरण (घ) अरिस्टोटल

७. मार्क्सवादी समालोचनाका क्षेत्रमा ज्येष्ठ र वरिष्ठ समालोचकका रुपमा चिनिने व्यक्ति को हुन् ?
(क) लुकाच (ख) प्लेखानोभ
(ग) कडवेल (घ) एङ्गेल्स

८. लेखकको आन्तरिक व्यक्तित्वलाई वढी महत्त्व दिने समालोचना कुन हो ?
(क) आदिमतापरक (ख) समाजपरक
(ग) नीतिपरक (घ) मनोविज्ञानपरक

९. आदिमतापरक समालोचना प्रणाली फ्राजरले समाजबको विकासकुनकुन चरणमा भएको वताएका छन् ?
(क) जादु, धर्म र विज्ञान (ख) आर्दश, धर्म र मनोरञ्जन
(ग) जादु, आवेग र मनोविज्ञान (घ) प्राचीनता, संस्कृति र विज्ञान

१०. शैली विषयक पहिलो अन्तर्राष्ट्रिय गोष्ठी कहिले र कहाँ भएको थियो ?
(क) सन् १९५८ अमेरिका (ख) सन् १९५७ बेलायत
(ग) सन् १९६९ अमेरिका (घ) सन् १९५८ फ्रान्स

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

मौका - २०८२

**एम.एड./तेस्रो सेमेस्टर** — **पूर्णाङ्क: ६०**

**समय: ३ घण्टा** — **उत्तीर्णाङ्क: ३०**

विषय: **पाश्चात्य साहित्य सिद्धान्त** (नेपा.शि.५३४)

---

*परीक्षार्थीहरूले सकेसम्म मौलिक र आफ्नै शब्दमा प्रश्नहरूको उत्तर दिनुपर्नेछ।*

**समूह 'ख'** — **६x५= ३०**

**तल दिइएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस्।**

१. पाश्चात्य साहित्य समालोचनाको क्षेत्रमा अरिस्टोटलले पुर्‍याएको योगदानको चर्चा गर्नुहोस्।

२. सम्प्रेषण सिद्धान्तका आधारभूत मान्यताहरूको चर्चा गर्नुहोस्।

३. प्रभाववादको परिचय दिदै यस वादका प्रवृतिहरू उल्लेख गर्नुहोस्।

**अथवा**

विनिर्माणवादको चिनारी दिँदै यसका शक्ति र सीमाको वर्णन गर्नुहोस्।

४. नीतिवाद र आदर्शवादको सम्बन्ध स्पष्ट पार्नुहोस्।

५. टेनको क्षण, युग र जाति सम्बन्धीको अवधारणा प्रस्तुत गर्नुहोस्।

६. शैलीवैज्ञानिक समालोचना प्रणालीका प्रमुख मान्यता तथा उपलब्धीहरूको वर्णन गर्नुहोस्।

**अथवा**

संरचनापरक समालोचना प्रणालीको उत्तरवर्ती रूप र प्रकारको चर्चा गर्नुहोस्।

**समूह 'ग'** — **२x१०= २०**

**तल दिइएका प्रश्नहरूको लामो उत्तर दिनुहोस्।**

७. आधुनिकता र उत्तर आधुनिकताको सम्बन्ध स्पस्ट पार्दै उत्तर आधुनिकवादका मूलभूत मान्यताहरूको चर्चा गर्नुहोस्।

८. विरेचन सिद्धान्तका धार्मिक, नैतिक, कलात्मक अर्थको व्याख्या गर्नुहोस्।

**अथवा**

आदिमतापरक समालोचनाको परिचय दिदै फ्राजर, कार्ल युङ्का आदिमतापरक सिद्धान्त र तिनका मान्यताको समीक्षा गर्नुहोस्।

***समाप्त***